# मेरो साप्ताहिक

मेरो साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : १२ • पूर्णांक : २११ • वि.सं. २०८० माघ २३ मंगलवार • ने.सं. ११४४ पोहेँलागाः द्वादसि • 2024 February 6 • पृष्ठ ८ • मूल्य रू. १०।-


## सजिलमान शाक्यलाई न्यायको माग

## नेवारहरुले मंगलबजारमा गरे प्रदर्शन

• **सुनिता महर्जन**

ललितपुर/गत भदौ १५ गते परिवारसहित होटलमा रमाइलो गर्न पुगेका सजिलमान शाक्य स्वीमिङ्ग खेल्ने क्रममा बिजुली सट भई जीवनमरणको दोसाधमा पुगेका सजिलमान शाक्यलाई न्यायको माग गर्दै आज हजारौं जनसमुदाय मंगलबजारमा भेला भई शान्तिपूर्ण प्रदर्शन गरेका छन्। विभिन्न २१ घटकको आह्वानमा बौद्ध विहार संघको संयोजनमा पाटनढोकामा भेला भई शान्तिपूर्ण रुपमा प्रदर्शन गरेको हो। न्यायको लागि ऐक्यबद्धता भन्ने ब्यानरसहित भएको धर्ना कार्यक्रममा सजिलमान शाक्यकी श्रीमतीले न्यायका लागि दवाव नै दिनु पर्ने अवस्था किन आयो भन्ने प्रश्न गर्नुभयो। उहाँले जाहेरी दर्ताका लागि पनि दवाव दिनु परेको र अहिले संचालकहरु पक्राउ गर्नका लागि पनि दवाव नै दिनु परेको बताउनु भयो। उहाँले संचालकहरु मध्ये फरार रहेकी भनिएका रोमी अर्याललले हिजो आत्मसमर्पण गर्नुभएको जानकारी आफूले पाएको बताउनु भयो।

कार्यक्रममा ज्यापु समाजका वरिष्ठ उपाध्यक्ष सन्तमान महर्जनले देशमा न्याय मरिसकेको र त्यसलाई ब्युँताउनका लागि सडकमा उत्रनु परेको बताउनु भयो। आज नेवार घाइते भए जस्तै भोलि अरु पनि हुन सक्ने भएको कारणले यो कुनै समुदायको मात्र प्रश्न नभएको बताउनु भयो।

पीडित सजिलमानकी श्रीमतीले मेरो साप्ताहिकसँग कुरा गर्नुहुँदै होटल सञ्चालकहरुले आफ्नो गल्ती स्वीकार गरी उपचारको सम्पूर्ण खर्च बेहोर्नु पर्ने माग गर्नुभएको छ। उहाँले अनुसन्धानका लागि म्याद थपका लागि भएको बहसका लागि समेत होटलको तर्फबाट १२ जना वकिलले बहस गरेर आफ्नो पक्षका वकिललाई समेत दवाव दिन खोजेको आरोप लगाउनु भयो।

## मन्त्री ज्वालाद्वारा सडक निरीक्षण



• **मेरो संवाददाता**

काठमाडौं/गणेशमान मार्ग (थानकोट चित्लाङ्ग) सडकको भौतिक योजना तथा यातायात मन्त्री प्रकाश ज्वालाले स्थलगत निरीक्षण तथा अनुगमन गर्नुभएको छ।

मन्त्री ज्वालाले यही माघ १७ गते उक्त सडकको निरीक्षण गर्नुभएको हो। मन्त्री ज्वालाले सडक निर्माण सम्पन्न गर्नका लागि मन्त्रालयबाट ५ करोड ९९ लाख रुपैयाँ बजेट विनियोजन गरेपछि सडक अवलोकन गर्न पुग्नु भएको हो।

रौतहट चन्द्रपुर, बारा निजगढ, पर्सा वीरगञ्ज, मकवानपुर हेटौंडा र थाहा नगरलगायत स्थान जाने छोटो दुरीको मार्ग चन्द्रागिरि सडकमा दैनिक हजारौं यात्रु जोखिम मोलेर हिँड्ने गरेका छन्।

निरीक्षणमा चन्द्रागिरी नगरपालिकाका मेयर घनश्याम गिरी, हलिं नेवाः गुथिका केन्द्रीय अध्यक्ष विनोद महर्जन, मन्त्री ज्वालाका स्वकिय सचिव रामहरी अधिकारी, भौतिक योजना मन्त्रालयका सचिव, सडक विभागका महानिर्देशक, काठमाडौं सडक डिभीजनका प्रमुख लगायतको सहभागीता थियो।

## मुद्रण उद्योग महासंघमा तिवारी

• **नहकूल महर्जन**

काठमाडौं/नेपाल मुद्रण उघोग महासंघको पाँचौ महाधिवेशनबाट नयाँ कार्यसमिति चयन गरिएको छ। शनिवार काठमाडौंको अनुपम फुडल्याण्डमा सम्पन्न निर्वाचनले विष्णु तिवारीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो।

अध्यक्ष निर्वाचित हुनुभएका तिवारीले अर्का अध्यक्ष प्रत्यासी माधव केसीलाई ४६ मतान्तरले पछि पार्दै निर्वाचित हुनुभएको हो। कूल ३७७ मत मध्ये तिवारीले २११ र केसीले १६५ मत प्राप्त गर्नुभएको थियो।

यसैगरी बरिष्ठ उपाध्यक्ष पदमा गोपाल प्रसाद ढकाल, प्रथम उपाध्यक्षमा राज कुमार घिमिरे, द्वितीय उपाध्यक्षमा मनोज कुमार जि.सी., उपाध्यक्ष (बागमती)मा इन्द्र प्रसाद नेपाल, महासचिवमा अर्जुन प्रसाद सापकोटा, उप-महासचिवमा चण्डी ढकाल, सचिवमा नारायण भट्टराई, सह-सचिवमा खिलनाथ लुईटेल र सह-कोषाध्यक्षमा राजु पोखरेल निर्वाचित हुनुभएको छ।

यसैगरी बागमती प्रदेशका दुई सदस्यमा हरि प्रसाद अधिकारी र शम्भु शाह निर्वाचित हुनुभएको छ।

महासंघको कोषाध्यक्ष पदमा निराजन शाक्य, एशोसिएट सदस्यमा रामचन्द्र गौतम र अन्य ११ जना खुल्ला सदस्यहरु भने निर्विरोध निर्वाचित भएका छन्।

बन्द सत्र अघि भएको उद्घाटन सत्र महासंघका अध्यक्ष खोमकान्त रेग्मीको सभापतित्वमा संचालन गरिएको थियो।


## हार्दिक बधाई

**नेपाल मुद्रण उद्योग महासंघको**

**१० औं वार्षिक साधारणसभा तथा ५ औं महाधिवेशनबाट**

**अध्यक्ष पदमा निर्वाचित हुनु भएका श्री विष्णु तिवारीज्यूका साथै**

**सम्पूर्ण कार्य समितिलाई हार्दिक बधाई**

**ज्ञापन गर्दै सफल कार्यकालको कामना गर्दछौं ।**

**नहकूल महर्जन**

**अध्यक्ष एवम्**

**मुद्रण प्राविधिक संघ नेपाल**

**Printing Technician Association Nepal**

**सम्पूर्ण परिवार**

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

## सम्पादकीय

# न्यायका लागि दवाव !

*न्याय निष्पक्ष र निर्भयपूर्ण हुनुपर्छ। तब मात्र त्यो न्यायको अर्थ रहन्छ। फेरि न्यायको सन्दर्भमा भन्ने हो भने ढिलो गरी गरेको न्यायलाई पनि अन्याय नै मानिन्छ। यसरी हेर्दा न्याय भनेको सबैले सहज र सरल रुपमा प्राप्त गर्न सक्ने हुनुपर्छ। तर न्यायका लागि समय लाग्नु स्वभाविक हुन्छ। तर यसको लागि जिम्मेवार निकायले सकेसम्म चाँडो न्यायको लागि कदम चालेन भने त्यसले जनअसन्तुष्टी मात्र उत्पन्न गराउँदैन न्यायप्रतिको जनविश्वास नै धरापमा पर्न जान्छ।*

*पछिल्लो समय जीवनमरणको दोसाँधमा रहेका सजिलमान शाक्यको न्यायका लागि नेवार समुदायले आवाज उठाइ रहेको छ। होटलमा रमाइलो गर्नका लागि स्वीमिङ्ग खेल्न पुगेका शाक्य त्यहाँ इलेक्ट्रिक लिकेजका कारण अहिले कोमामा रहेका छन्। तर उक्त घटनाको चार महिना बितिसक्दा पनि प्रहरी प्रशासनले अनुसन्धान अगाडी नबढाउँदा नेवार समुदाय नै न्यायका लागि उत्रिन बाध्य हुनु परेको छ। यसले नेपालको न्याय प्रणालीमाथि गम्भीर प्रश्नचिन्ह खडा गरेको छ।*

*पीडित शाक्यका परिवारले घटनाको दोश्रो दिनमा नै आफूहरुले जाहेरी दिन गएता पनि प्रहरी प्रशासनले नै आलटाल गरेको आरोप लगाएको छ भने घटना भएको चार महिनापछि बल्ल अभियन्ताहरुको दवावमा उजुरी दर्ता गरिएको र त्यसपछि मात्र होटलका संचालकहरुलाई पक्राउ गरी अनुसन्धान अगाडि बढाइएकोले समन्यायको सिद्धान्तलाई नै आघात पुऱ्याएको छ।*

*प्रहरीको कार्य भनेको कुनै पनि किसिमको अपराध हुनबाट रोक्नु र अपराध वा दुर्घटना हुन पुगेमा त्यसको तहसम्म पुगेर अनुसन्धान गरी पीडित पक्षलाई न्याय दिलाउन सहयोग गर्नु हो। तर घटना भएको महिनौंसम्म पनि जाहेरी नलिनुले प्रहरी पनि प्रभावित त छैन भन्ने प्रश्न खडा भएको छ।*

*सजिलमान शाक्य प्रतिनिधि पात्र मात्र हुन्। उहाँको न्यायका लागि अहिले समुदाय नै जुरुक्क उठेको छ। न्यायका लागि यसरी हरेक पटक समुदाय नै उठ्नु पर्ने हो भने भोलिका दिनमा न्यायालयको औचित्यमाथि नै प्रश्न उठ्नेछ। यसैले समयमै न्यायका लागि सम्बन्धित सबै पक्षले ध्यान पुऱ्याउनु आवश्यक छ। न्यायमा सबैको समान र सहज पहुँच नै लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष हो। लोकतान्त्रिक गणतन्त्र नेपालमा न्यायका लागि दवाव दिनु पर्ने अवस्थाको अन्त्यका लागि सम्बद्ध सबै निकायको ध्यान पुगोस्। भोलिका दिनमा कसैले पनि न्यायका लागि भनेर संघर्ष गर्नु नपरोस्।*

# विश्व सिमसार दिवश - २०८०

✍ कृष्णहरि देवकोटा

विगतमा झै यो बर्ष पनि 'सिमसार र मानवहित' (Wetands and Human Wellbeings) भन्ने नाराका साथ २०८० माघ १९ गते (फेब्रुवरी २, २०२४) संसारभर विश्व सिमसार दिवश (World Wetland Day -2024) विभिन्न कार्यक्रमका साथ मनाइयो। सीमसार क्षेत्रहरु मानवजीवनको विभिन्न आयामहरु जस्तै शारीरिक स्वास्थ्य, मानसिक स्वास्थ्य र वातावरणीय स्वास्थ्यसँग सम्बन्धित रहेको हुनाले अत्यन्त महत्वपूर्ण मानिन्छन्। सिमसार क्षेत्रले विश्वभर करिव एकलाख प्रजातिहरुलाई आश्रय दिइरहेका छन्। यसबाट मानवजातिले जीविकोपार्जनको लागि सहयोग प्राप्त गरिरहेको छ। सिमसार क्षेत्र ती ठाउँहरुलाई भनिन्छ जहाँ बर्षभरी नै पानी रहिरहने वा ओसिलो रहिरहने वा जमिन नदेखिने गरी पानीले ढाकिराख्ने हुन्छ जस्तै खोलानाला, हिमनदी, तालतलैया, पोखरी, दलदले जमीन, ढापखेतहरु आदि सिमसार क्षेत्रहरु हुन्। छोटकरमा भन्दा सिमसार क्षेत्रहरू ती स्थानहरु हुन् जसलाई पानीले बर्षै भरी नै पूर्ण वा आंशिक रूपले ढाकिरहेको हुन्छ।

आधुनिक विश्वको सिमसार दिवसको ऐतिहासिक सन्दर्भलाई केलाउने हो भने विशौं शताब्दीको मध्यबाट सुरुभएको मान्नु पर्दछ। सन् १९६० को दशकमा विश्वमा सिमसार क्षेत्रहरु पनि वन र अन्य जमीन जस्तै महत्वपूर्ण छन् यिनीहरुको संरक्षण गर्नु पर्दछ भन्ने आवाज उठ्न थाल्यो। विभिन्न देशबाट संरक्षणको आवाज उठे पनि सिमसारहरुको संरक्षणका लागि आधिकारिक पहल भने त्यस वेलाबाट मात्र सुरुवात भयो जतिवेला सिमसारहरुको संरक्षणका लागि भनी इरानको रामसारमा विश्वका विभिन्न देशका प्रतिनिधीहरु सन् १९७१ फेब्रुवरी २ मा भेला भए र सिमसारको संरक्षणका लागि कदम चालौं भनेर संयुक्त रुपमा हस्ताक्षर गरे। सोही दिनको सम्झनामा यो दिवश सन् १९९७ बाट मनाउन थालिएको हो।

विश्व सिमसार दिवसलाई विश्व रामसार दिवस पनि भनिन्छ। इरानको रामसारमा सिमसार संरक्षणको लागि पहिलो अन्तराष्ट्रिय महासन्धी भएको कारण सिमसार क्षेत्रलाई रामसार क्षेत्र भन्न थालिएको हो। सिमसार दिवश मनाउनुको अर्थ सिमसारहरु महत्वपूर्ण प्राकृतिक सम्पदहरु हुन्। यिनीहरुको संरक्षण गरे हामी मानव जातिको पनि हित हुन्छ भनी व्यापक जनचेतना फैलाउनु हो। यो बर्ष पनि नेपालका सरकारी निकायहरु, गैरसरकारी संघसस्थाहरु, शैक्षिक संस्थाहरु, सामुदायिक वनहरु आदिले आआफ्नो तरिकाले रामसार दिवस मनाए।

हुन त नेपालमा महत्वपूर्ण सिमसार क्षेत्रहरु धेरै छन् तर १० वटा सिमसार क्षेत्रहरु भने विश्व सिमसार सूचीमा नै सुचीकृत भइसकेका छन्। विश्व रामसार सूचीमा सूचीकृत हुनको लागि रामसार महासन्धी सचिवालयबाट आएको विज्ञहरुको टोलीले सिफारिश गर्नुपर्ने हुन्छ। सोको लागि उक्त टोलीले विभिन्न पक्षको विस्तृत अध्ययन गर्दछ र अध्ययन पछि विश्व सिमसार सूचीमा समेट्नको लागि सिफारिस गर्दछ वा रामसार महासन्धी सचिवालयबाट आएको टोलीले ती क्षेत्रहरु रामसार सूचीमा समेटिएको औपचारिक प्रमाणपत्र दिने गर्दछन्।

नेपालमा हालसम्म विश्व रामसार सूचीमा पर्ने अन्तराष्ट्रिय महत्वका सिमसारहरु १० वटा भएका छन्। कोशी टापु, चितवनको विशहजारी र वरपरका ताल, कैलालीको घोडाघोडी ताल र वरपरका तालहरु, सोलुखुम्वुको गोक्यो र वरपरका तालहरु, रसुवाको गोसाइकुण्ड र वरपरका तालहरु, इलामको माइपोखरी, डोल्पाको फोक्सोण्डो, मुगुको रारा र पोखरा उपत्यकामा रहेका फेवासहित वेगनास, रुपा, कमलपोखरी, खोस्टे, गुँदे, न्युरेनी, दिपाङ र मैदी गरी नौ वटा तालहरु। नेपालका सिमसार सूचीमा समेटिएका अरु सबै तालहरुको संरक्षण गर्ने जिम्मा राज्यले लिएको छ तर पोखराका यी तालहरुको संरक्षण स्थानीय निकायले गर्ने व्यवस्था मिलाइएको छ। विश्वभर नै सिमसार क्षेत्रलाई विगत लामो समय देखि उपेक्षा गर्दै आइयो। सिमसार क्षेत्रलाई काम नलाग्ने खेरगएको जमीन (Waste lands) पनि भन्ने गरियो। जसको कारण १९०० यताको अवस्थालाई हेर्दा अहिलेसम्म विश्वका ६४ प्रतिशत महत्वपूर्ण सिमसारहरु हराएर गइसकेका छन्। नेपालमै पनि कहियौ यस्ता जमीनहरु कतै अतिक्रमित भए भने कतै आवास, उद्योग, सहरिकरण आदिको नाममा अतिक्रमित भएका कारण हराई सकेका छन्। तर पछि आएर यसको महत्वलाई मानिसहरुले बुझ्न थाले र संरक्षण पनि हुन थाल्यो। सिमसार संरक्षणको लागि अन्तराष्ट्रिय स्तरमा चालिएको पहिलो कदम १९७१ को इरानको रामसारमा गरिएको महासन्धीलाई नै मान्नु पर्दछ। त्यस महासन्धीमा जुनजुन देशले सही गरे पछि कानुन बनाएर आफ्ना देशका सिमसारहरुको संरक्षण गर्दै आएका छन्। अहिलेसम्म १६९ राष्ट्रहरुले सही गरेर महासन्धीको पक्षराष्ट्र बनी सिमसारको संरक्षणमा जुट्न थालेका छन्। अहिले विश्व भरनै सिमसार दिवश मनाएर सिमसारको महत्व दर्शाउने र संरक्षणमा जोड दिने कामको थालनी भएको छ।

सिमसार क्षेत्रको संरक्षण गर्नु पर्ने कारणहरु धेरै छन्। सिमसारहरुले मानवजाति र सिंगो पर्यावरणलाई प्रत्यक्ष वा अप्रत्यक्ष लाभ प्रदान गरेका हुन्छन्। सिमसार क्षेत्र भनेका विभिन्न सेवा प्रदान गर्ने अत्यन्तै महत्वपूर्ण क्षेत्रहरु हुन्। जसको सम्वन्ध मानवजातिको उज्यालो भविष्य तथा दीगो जीवनयापनसँग गाँसिएको छ। विश्वमा जतिपनि धान खेती गरिन्छ पाखे धान बाहेक सबै सिसारमा नै गरिन्छ। करिब ३ अर्ब मानिसले दैनिक उपभोग गर्ने चामल सिमसार क्षेत्रबाटै उत्पादन हुन्छ। नेपालको सिमसारहरुमा धानका ४२ भन्दा बढि स्थानीय प्रजाति पाइने गर्दछन्। यिनीहरु सबैको आफ्नै खालको महत्व छ। त्यो बाहेक माछा पालन, पर्यटन, यातायात जस्ता व्यवसायहरु यो क्षेत्रमा नै निर्भर गर्दछन् ।

विश्वका मानिसहरुको लागि विभिन्न प्रयोजनको लागि आवश्यक पानीको प्रमुख स्रोतहरु पनि सिमसार क्षेत्रहरु हुन्। यो वाहेक सिमसार हरुले विभिन्न जीवजन्तुहरुलाई वासस्थान, खानेकुरा, प्रजनन स्थल आदि उपलब्ध गराएर आश्रय प्रदान गरिरहेको हुन्छ। पानीमा पाइने माछा, गोही, कछुवा, सर्प, भ्यागुता, घोगी आदि मात्र हैन जंगलमा पाहिने गैंडा, बाघ, मृग, जरायो, बनेल, कीटपतंक, चराहरु पनि सिमसारमा आश्रित रहेका हुन्छन्। कोशी टापु, विशहजारी ताल, घोडाघोडी ताल आदि क्षेत्रमा स्थानीय लगायत विभिन्न देशबाट बसाई सरेर आउने विभिन्न प्रजातिका चराहरुको लागि पनि महत्वपूर्ण बासस्थान बनेका छन्।

त्यसै गरी विभिन्न प्रजातिका बनस्पतीहरु पनि सिमसार क्षेत्रमा रहेका हुन्छन्। सिमसार क्षेत्रमा पाइने रुखबिरुवाले विभिन्न रासायनिक पदार्थलाई सोसेर पानीलाई स्वच्छ बनाउने काम गर्छन् सिमसार क्षेत्रमा भएका वनस्पति र जनावरले औद्योगिक

*बाँकि ६ पेजमा*

# धर्म मुनिकारलाई राष्ट्रिय विशिष्ट संगीत सम्मान

• **मेरो संवाददाता**

काठमाडौं/परम्परागत संगीतको जगेर्नाका लागि समर्पित भएर लाग्नु भएका संगीतकार धर्म मुनिकारलाई सोमवार एक समारोहका बीच नातिकाजी राष्ट्रिय विशिष्ट संगीत सम्मान २०७९ प्रदान गरिएको छ।

नातिकाजी स्मृति समाजले शीतलनिवासमा आयोजना गरेको नातिकाजी राष्ट्रिय सङ्गीत सम्मान तथा पुरस्कार वितरण समारोह कार्यक्रमका बीचमा उहाँलाई सो सम्मान प्रदान गरिएको हो।

सो अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सङ्गीतमा नेपाली लोकजीवन, मौलिकपनको विकास, विस्तार, संरक्षण र प्रवर्द्धन गर्नु सबैको कर्तव्य भएको बताउनुभएको छ। राष्ट्रपति पौडेलले नेपाली सङ्गीतमा विभिन्न जातजातिका बाजा, भाका, गीत, सङ्गीतका आफ्नै परिवेश, मौलिक धुन, विशिष्ट शैली र महत्त्व रहेको र त्यसको जगमा नै नेपाली राष्ट्रिय सङ्गीतको विकास हुँदै आएको धारणा व्यक्त गर्नुभयो।

"सिर्जना राष्ट्रका सम्पदा, संस्कृति राष्ट्रका पहिचान र कलाकार राष्ट्रका अमूल्य निधि हुन्", उहाँले भन्नुभयो, "कलाकार सिर्जना र संस्कृतिका संवाहक हुन्, कलाकारका साधनाबाट सिर्जित सिर्जनाले राष्ट्रको पहिचान स्थापित गर्ने गर्छ।" उहाँले नेपालको भौगोलिक विविधता र सांस्कृतिक विशिष्टता नै विश्वमा पृथक् पहिचानका रूपमा रहेको र यहाँको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषता विश्वमै नमुना रहेको उल्लेख गर्दै नेपाली समाजको विविधतालाई यिनै लोकसंस्कृति, गीत र सङ्गीतले एकढिक्का बनाउन सघाएको बताउनुभयो।

"विविध जाति र उनीहरूको भाषा, संस्कृति, गीत, सङ्गीतको एकता नै नेपाली सङ्गीतको राष्ट्रिय स्वरूप हो", राष्ट्रपति पौडेलले भन्नुभयो।

नेपाली लोक भाका पछ्याउँदै नेपाली आधुनिक गीत सङ्गीतको सिर्जनामा नातिकाजीले पुऱ्याउनुभएको योगदान अतुलनीय रहेको उहाँले स्मरण गर्नुभयो। नेपाली गीत सङ्गीतको क्षेत्रमा जीवनभर लाग्नुहुने स्रष्टालाई राज्यको तहबाट समेत उचित महत्त्व दिँदै जानु नेपाली

राष्ट्रिय हितकै विषयसमेत भएको उहाँले बताउनुभयो।

सो अवसरमा राष्ट्रपति पौडेलले नातिकाजी राष्ट्रिय विशिष्ट सम्मान तथा नातिकाजी राष्ट्रिय पुरस्कार, नातिकाजी राष्ट्रिय सङ्गीत पुरस्कार, नातिकाजी राष्ट्रिय प्रतिभा पुरस्कार, नातिकाजी राष्ट्रिय लोक सङ्गीत पुरस्कार र नातिकाजी राष्ट्रिय कला पत्रकारिता पुरस्कार प्रदान गर्नुभएको थियो।

# जनगायक श्रेष्ठ र गायक वैद्यप्रति श्रद्धाञ्जली अर्पण

• **मेरो संवाददाता**

काठमाडौं/नेवार समुदायले शनिवार एक कार्यक्रमको आयोजना गरी जनगायक भृगुराम श्रेष्ठ र गायक योगेश वैद्यप्रति श्रद्धाञ्जली अर्पण गरेको छ। नेवार राष्ट्रिय संगठन नेवाः देय् दबू, नेपालभाषा एकेडेमी, नेपालभाषा मंकाः खलः र नेपाल संवत् न्हूदँ राष्ट्रिय समारोह समितिले संयुक्तरुपमा उहाँहरुप्रति श्रद्धाञ्जली अर्पण गरेको हो।

कार्यक्रममा जनगायक भृगुराम श्रेष्ठबारे साहित्यकार आर.के निर्मलले र गायक योगेश वैद्य बारे गायिका रीता महर्जनले प्रकाश पार्नुभएको थियो।

दुवै गायकको योगदानलाई लिएर एकेडेमीका उपकुलपति मल्ल के सुन्दर, नेवाः देय् दबूका पवित्र बज्राचार्यले चर्चा गर्नुभएको थियो।

एकेडेमीका कूलपति यज्ञरत्न धाख्वाःको सभापतित्वमा भएको कार्यक्रममा जनकवि दुर्गालाल श्रेष्ठले भृगुरामको बारेमा रचना गर्नुभएको कविता पत्रकार सुरेश किरणले वाचन गर्नुभएको थियो भने लोककवि राजभाइ जकःमिले पनि भृगुराम बारे कविता वाचन गर्नुभएको थियो। कार्यक्रम नेवाः देय् दबूका उपाध्यक्ष उमेश स्थापितले संचालन गर्नुभएको थियो।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

# महर्जनको दुई म्यूजिक भिडियो सार्वजनिक

• **मेरो संवाददाता**

काठमाडौं/युवा गायक बिरज महर्जनले गाएका दुई गीतको म्युजिक भिडियो शनिवार सार्वजनिक गरिएको छ।

गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जनको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेपाली भाषाको 'तिमी आउने बाटोभरि' र नेपालभाषाको ' नक्कलिम्ह मयजु' भिडियो सार्वजनिक गरिएको हो।

भिडियो सार्वजनिक गर्नुहुँदै प्रमुख अतिथि महर्जनले गोदावरी नगरपालिका सांगितिक प्रतिभा सम्बर्द्धन र सांगितिक तथा सांस्कृतिक कार्यक्रमको सफलताका लागि सदैव सहयोग गर्न तत्पर रहेको बताउनु भयो।

जितमेहर महर्जनको सभापतित्वमा भएको कार्यक्रममा बरिष्ठ सिने पत्रकार एवम् नेपालभाषा म्युजिक भिडियोका प्रथम निर्देशक विजयरत्न असंबरेले दुवै भिडियोको समीक्षा गर्नुभएको थियो।

कार्यक्रममा संगीतविज्ञ धनबहादुर गोपाली, संगीता प्रधान राना, संगीतप्रेमी गोपाल महर्जनले पनि मन्तव्य राख्नुभएको थियो।

रुषा महर्जनले स्वागत गर्नुभएको कार्यक्रममा नेपालभाषाको गीत 'नक्कलिम्ह मयजु' म्युजिक भिडियोका निर्देशक रामकृष्ण खड्गी र नेपाली 'तिमी आउने बाटोभरि' भिडियो निर्देशक शायद कार्कीले भिडियो निर्माणको अनुभव साझा गर्नुभएको थियो।

'तिमी आउने बाटोभरि'को गीत रचना र संगीत बद्रि देसारको रहेको छ भने संगीत संयोजन जुगल डंगोलको रहेको छ। सो गीतको म्यूजिक भिडियोको छायाँकन प्रद्युम्न मिश्र र सम्पादन कृष्ण भण्डारीको रहेको छ भने अभिषेक जोशी र मिशेल घिमिरेका साथमा कृष्णभक्त महर्जनको अभिनय रहेको छ।

यसैगरी नेपालभाषाको ' नक्कलिम्ह मयजु'को गीत रचना सुरजबीर बज्राचार्य र संगीत जुगल डंगोलको रहेको छ। यस म्यूजिक भिडियोको छायाँकन रकि महर्जन, सम्पादन आर.आरले गर्नुभएको छ भने मनोज महर्जन र हसना महर्जनको अभिनय देख्न सकिन्छ। यस म्यूजिक भिडियोका स्टील फोटोग्राफी विक्रम खड्गीको रहेको छ भने विन्दिरा श्रेष्ठको श्रृंगार रहेको छ।

दुवै गीत हाइलाइट्स् नेपाल यूट्यूब च्यानलमा अपलोड गरिएका छन्।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२

नेवाः सः
Newa FM 106.6 MHz
नेवाः एफएम १०६.६ मेगाहर्ज
न्हिच्छि-चच्छि
२४ घन्टा प्रसारण
विश्व न्यंकं प्रत्यक्ष : newafm.com.np
नेपालभाषा एकेडेमिया निंतिं
अनक मिडिया प्रा. लि.
न्यामसिमा, किपः, ह.ःबाखा।
फोन ल्याः ४३३०२२१, ४३३४०००
इ-मेल : ankmedia.newafm@gmail.com
ANK MEDIA Media for Social Good
शुभो पात्रो

# भक्तपुरको माधव नारायण मूर्ति

काठमाडौंको साँखु सालीनदीमा जस्तै भक्तपुरको हनुमानघाटमा पनि माघ महिनाभर माधव नारायणको व्रत वस्ने परम्परा रहेको छ । यो प्रचलन कहिलेदेखि सुरु भएको भन्ने यकिन नभए पनि साँखुमा जस्तै भक्तपुरमा पनि धेरै पहिलेदेखि नै यो प्रचलन रहेको जनविश्वास छ । तस्वीर : राजा राम ।

# नालाया लोकजीवन - १




✍ **रत्न काजी महर्जन**

**नालाया म्हसीका**

यें २५ कि.मि. पूर्व काभ्रेपलाञ्चोक जिल्लाय् लाःगु समुन्द्री सतहं १४०० मिटर च्वय् लाःगु छगू चिकिचाधंगु प्राचीन नगरी नाला देय् छगू महत्वपूर्ण ऐतिहासिक, धार्मिक व सांस्कृतिक थाय् खः। मूलतः भगवती व करुणामयया नामं नांजाःगु नालायात प्रशासनिकरुपं टुकुचा नाला व उग्रचण्डी नाला धकाः निगू गा.वि.स.य् ब्वथला तःगु दु। थुकी उग्रचण्डी नालाया क्षेत्रफल १०.४६ वर्ग कि.मि. व टुकुचा नालाया क्षेत्रफल १०.७८ वर्ग कि.मि. याय्बलय् मुक्कं नालाया क्षेत्रफल २१.२४ वर्ग कि.मि. दु। थौंकन्हय् थुकियात बनेपा नगरपालिकाय् हे दुथ्याके धुंकूगु दु।

**सामाजिक व सांस्कृतिक**

नालायात भौगोलिक कथं जक म्हसीकां मगाः सामाजिक कथं नं म्हसीके माः। थ्व देय्या नाला भगवती जात्रा व नालाकरुणामयया जात्रा मू जात्रा खः। झीसं सामाजिक कथं थ्व देय्यात थुकथं म्हसीकेफु।

**१. धर्म :**

नाला देसय् विशेष यानाः हिन्दू व बौद्ध धर्म माने याइपिनिगु बाहुल्यता दु।

**२. धार्मिकस्थान :**

नाला देय्या धार्मिक स्थानकथं नाला करुणामय व नालाभगवती मुख्य खःसा थन स्थान गणेद्यः, पशुपति महाद्यः, नासद्यः, लायकु, छम्वः खुसि,अशोक चैत्य, इही फल्चा, ससुद्यः, युधिस्थिर देगः, महालक्ष्मी, गुप्तेश्वर महाद्यः आदी दु।

**३. भाय् :**

नाला देसय् नेपालभाषा, तामाङ भाषा व खस नेपाली भाय् ल्हाइपिनि बाहुल्यता दु।

**४. जातजाति :**

नाला देसय् भाषाभाषिका आधारय् स्वय्बलय् नेवाः दुनेया श्रेष्ठ, कायष्ठ, वैद्य, कर्माचार्य, प्रधान, चित्रकार, मानन्धर, रञ्जितकार, कारंजित, जोशी, तमोट, शाक्य, बज्राचार्य, नकर्मी, प्रजापति, डंगोल, नापित, कपाली, राजवाहक, अवाः, खड्गी आदि जातित खनेदु।

थुकथं हे खस नेपाली भाषा ल्हाइपिं क्षेत्री, पहाडी ब्रम्हाण, कामी, दमाई/ढोली, सन्यासी/दशनामी, सार्कीलिसें तामाङ, गुरुङ, मगर, राई आदि जातिया नं बसोबास दु। (जिल्ला वस्तुगत विवरण, काभ्रेपलाञ्चोक, जि.वि.स. तथा तथ्यांक कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक, जेठ २०७१:१७२,१७७)

**नामाकरण :**

थुगु थासय् प्राग मानवपिसं छ्यलीगु ल्वहंया ल्वाभः (बज्रल्वहं) लुगुलिं प्राग ऐतिहासिक इलं निसें हेथन मनूतय् उपस्थिति दुगु अनुमान यानातःगु दु। (वहे, २०७१:२), किरातकालय् नालायात "नालाङ" धाइगु खः। (वहे, २०७१:२)

नालायात प्राचीनकालय् उत्तरापूर व नागिरी पुर नं धयागु याःगु स्थानीय बुद्धिजीवि सिद्धिवहादुर कर्माचार्ययाधापू दु। वयूकःया कथं थथे उत्तरापुर व नागिरीपुर धाःगुण थःथःगु हे हुनिं दु।

**१ नागिरीपुर**

वयूकःया कथं थुगु थासय् वासुकी नागराजया वासस्थान दुगु हुनिं थुगु थाय्यात "नागिरीपुर" धायगु याःगु खः।

पौराणिक कालीन वासुकी नागराज थौंतक नं अन हे विज्यानाच्वंगु दनि धइगु स्थानीय जनविश्वास दु। गुकिया दसिकथं स्थानीयपिसं ज्या पुन्ही बलय् बासुकी नागराज पन्ती मेलाय् वनीगु इलय् बुँइ पिनातःगु वामा, कःनिमा पन्तीपाखे धेचुइगु व लिहाँ बिज्याइबलय् वासुकी नागराजया वासस्थान कथं कयातःगु थाय्पाखे धेचुइगुयात वीगु यानावयाच्वंगु दु।

**२ उत्तरापुर**

थुकथं हे उत्तरापुर नां जुगुया ल्यूने नं छगू किंवदन्ती दु। स्थानीय बुद्धिजीवी कर्माचार्य वियादीगु जानकारी कथं सत्य युगय् नाला न्यास(५००) खा छैं दुगु देय् खः। थन दीर्घरथ नांयाम्ह जुजुंराज्य यानाच्वंगु इलय् थ्व देय्यात उत्तरापु धकाः नामाकरण याःगु खः। थुम्ह जुजु तसकं मनमौजी जूगु हुनिं देलय् पाप बृद्धि जुयाः जलवृष्टि मजुयाः अनिकष्ट जूगु व लिपा सुखावति भुवनय् वास याना विज्याम्ह करुणामयं सुधर्मादेवीयात थःदुत यानाः छ्वया हयाः अष्टमि व्रत दंकाः लोक उद्दार याःगु खः।

थुगु किंवदन्तीया लिधंसाय् हे नालायात "उत्तरापुर" धायगु याः धइगु दसि वीगु यानाच्वंगु दु।

प्राचीन उत्तरापुर नगरय् न्हय्गू ध्वाखा, प्यंगू दवू, तुं आदि शहरी संरचनायात माःगु सकतां व्यवस्था दुगु खः। गुकीया अवशेष कथं पूर्व पाखेया ध्वाखाया ईलोहं थौंतक दनि।

**३ नाला**

थौंकन्हय् नालाया रुपय् हे थुगु थाय्यात म्हसीकेगु जुयावयाच्वंगु दु। लिच्छविकालिन नालाङ्गपाखें थुगु थाय्या नां नाला च्वंगु धइगु स्थानीय बुद्धिजीवीपिनि धापु दु।

**लोकजीवन**

**संस्कार**

नालाय् नेवाःलिसें तामाङ व खँय्तय् नं बाहुल्यता दुसां नाला देसय् दुने धाःसा नेवाःतय्गु हे बाहुल्यता दु। थुगु च्वसुइ नालाया नेवाःतय्सं हनावयाच्वंगु संस्कारयात कयाः जक छुं छुं न्त्यथनेगु कुतः यानाच्वना।

**१. इहिपाः**

मानव जीवनयात न्त्याकीगु छगू मूल संस्कार इहिपाः खः। ई त्यःपिं निम्ह ल्यायम्ह व ल्यासेया जीवन नापं न्त्याकाः न्हूगु हिउपाःया निंतिं न्त्याकीगु थुगु संस्कारं निम्ह मनू जक नाप लाकीगु मखु। निगू परिवारयात छगू हे यानाबीगु ज्या यानाच्वनी। नेवाःतय् परम्पराकथं हे नालाय् नं लमिं ल्हाय्का व थःथम्हं तुं हे ययूका इहिपा यायगु चलन दु।

**२ जन्म :**

थन च्वंपिं नेवाःतय् मचा बुइबलय् नेवाः संस्कारकथं हे मचाबू ब्यंकेगु व मचा जंको यायगु यानावयाच्वंगु दु।

**३. कय्तापूजा/बरे छुइगु**

थनया नेवाः समाजय् काय् मचातय्गु कय्तापुजा वैदिक विधिपूर्वक याइ। नेवाःतय् कय्तापूजा निगू चरणय् याइगु परम्परा दु।

(क) बुसँ खाय्गु (बुसांनिसेंयागु सँ खाय्गु) - थुकी पाजुं सँ खाकाः निनिं सँ फइ।

(ख) कय्ता बिइगु - कय्ता चीकेगु याइ।

थुकथं हे बरे (शाक्य) व बज्राचार्यतय् धाःसा कय्तापूजाया सत्ता "बरे छुकेगु" चलन दु।

**४. इही/बाऱ्हा :**

म्ह्यायम्मस्तयूत ३ दँनिसें ७ दँ दुने इही यायगु व ९ दँनिसें ११ दँ तकया दुने बाऱ्हाः तय्गु चलन दु। नाला करुणामयया न्हवंया इलय् थन दँय्दसं इहिलिसें कय्तापुजाया संस्कार जुइगु याः। इहि संस्कार थःपिं हे पुचः मुनाः नं यायगु चलन दु।

**५ वृद्धावस्था :**

थनयापिं नेवाःतय् दुने नं ज्याथ जंको यायगु चलन दु। थ्व ज्याथ जंको दकलय् न्हापां ७७ दँ ७ ला, ७ न्हु दुखुनु याइ। निक्वःगु ८३ दँ ४ ला ४ न्हु दुखुनु याइ। स्वक्वःगु जंको ८८ दँ ८ ला ८ न्हु खुनु याइ।

**५. मृत्यु संस्कार :**

नेवाःतय् मृत्यु संस्कार कथं हे मनू मदइ बलय् दीपय् यंकाः च्याकेगु यानावयाच्वंगु दु। कपाली जातयापिसं धाःसा गाःम्हुयाः ल्हाकेगु चलन दु।

कथहं

## नेपालभाषा सिकौं/नेपालभाषा सयेके - ११४

| खँग्वः | नेपालभाषा अर्थ | नेपाली अर्थ |
|---|---|---|
| गु[२], (-गू) | १. धिमय्या छगू बोल। | धिमय् बाजाको बोल, धिमय्को संरचना। |
| | २. गू, न्याया जालय् झ्यातुकेत तइगु ग्वः वा गुलि। | जालमा राखिने भार, फलामको गट्टी। |
| गु[३], नि. | च्वलां सुयाः क्वः छिना केनीगु खँग्वः। | किटान गरेर देखाउने शब्द। |
| गुगुं, सं. | थुगु उगु धकाः क्वः मछिउगु खँग्वः। | कुनै। |
| गुच्चा, सं. (-गः) | ग्वलाःगु, बँय् तुइकाः म्हितेगु। | गुज्जा। |

## हलिं नेवाः गुथि गतिविधि

# नेपाल लिपि स्यनीगु

- **मेरो संवाददाता**

यैं/हलिं नेवाः गुथि यैं जिल्ला तदर्थ समितिपाखें प्रचलित नेपाल लिपि स्यनेज्या न्त्याकीगु जूगु दु। वंगु शनिवाः यैंया न्यतय् यैं जिल्ला नायः सानुराजा शिखाकारया नायःसुइ च्वंगु मुँज्यां प्रचलित नेपाललिपि स्यनेज्या यायेगु लिसें फागुन २७ गते यैं जिल्लाया तःमुँज्या यायेगु क्वःछिउगु जानकारी प्राप्त जूगु दु।

गुथिया मूनायः विनोद महर्जनया मूपाहाँसुइ जूगु ज्याझ्वलय् सम्पदा कवःया कजि धर्मनारायण महर्जन, सल्लाहकार रामेश्वर मान श्रेष्ठ, विष्णु श्रेष्ठलिसें जिल्लाया छ्याञ्जे उमेशमान शाक्य, न्वकु पुष्परत्न शाक्य, दांभरी निलः शाक्यपिनि ब्वति दुगु खः।

## नेपालभाषा साहित्य

# योगेश वैद्य

✍ **हिसिलिना शाक्य**

दुखया घःचाः माःहना वः थें ,
वयेमते गात आः अय् दुख छ!!
ल्वःमंका ला छं ,
थःगु धर्म अय् प्रकृति ?
सुर्दयः लुकुबीगु जक मखु ,
सुथ जुयाः लुइ नं माः!!
योगेश दाइ लुकुबिल थौं,
हानं कन्हय् गनं लुयावयेत!!
बांलाःगु भिंगु लोकय् ,
काःवन जुइ जन्म !!
झीगु नुगलय् बासं काःम्ह वयूकः,
नेवाः जगतय् अमर जुइ,
श्रद्धाया स्वां देछासे, सुगति कामना

# नेवाः पत्रकार काभ्रे र ललितपुरको साधारणसभा सम्पन्न

मेरो संवाददाता

काठमाडौं/देशभरका नेवार पत्रकारहरुलाई पछिल्लो समय साधारणसभाको चटारो छ। यहि क्रममा शनिबार नेवाः पत्रकार राष्ट्रिय दबू काभ्रे जिल्ला शाखाले पाँचौं र आइतवार ललितपुर शाखाले नवौं वार्षिक साधारणसभा सम्पन्न गरेको छ। चितवनले माघ २७ गते र भक्तपुरले माघ २८ गते साधारणसभा गर्न लागेको महासचिव केके मानन्धरले बताउनु भएको छ।

फागुन ५ गते शनिबार केन्द्रीय साधारणसभा गर्नुअघि देशभरका विभिन्न जिल्लामा विस्तार गरिएका पत्रकार राष्ट्रिय दबूका शाखाहरुको साधारणसभा सम्पन्न गर्न केन्द्रीय समितिले गरेको पत्राचारका आधारमा विभिन्न जिल्लामा साधारणसभा भइरहेको दबूका महासचिव मानन्धरले जनाउनु भएको छ।

साधारणसभामा प्रमुख अतिथिका रुपमा केन्द्रीय अध्यक्ष नृपेन्द्र लाल श्रेष्ठले समावेशी सञ्चार, मातृभाषा पत्रकारितादेखि पत्रकारहरुको क्षमता बृद्धि गर्नुपर्ने र आउँदो बैशाख पूर्णिमाबाट एक वर्ष मातृभाषा पत्रकारिता वर्षको रुपमा संचालन गर्ने बताउनु भयो।

काभ्रेको साधारणसभामा मन्तव्य राख्नुहुँदै ४१ वर्षदेखि निरन्तर पत्रकारिता क्षेत्रमा क्रियाशील रहनुभएका वरिष्ठ पत्रकार मोहन दुवालले पत्रकारलाई दिइने भनिएको पेन्सनको कार्यविधि संशोधन गर्न माग गर्नुभयो। 'मैले जनमत साहित्यिक पत्रिकादेखि नेपाल समाचारपत्र दैनिकमा लामो समय काम गरें। पत्रकारितामै जीवनको चार दशक बिताएँ। यसमा मलाई गौरव महसुस हुन्छ। तर म पत्रकार भएको प्रमाणित गर्न सम्बन्धित वडा कार्यालयले सिफारिस गर्नुपर्ने रहेछ।' उहाँले भन्नुभयो।

उहाँले सबैलाई थाहा भएको विषय सम्बन्धित निकायले छनोट गर्नुपर्नेमा उल्टै वडाबाट सिफारिस लिएर पत्रकार भएको प्रमाणित गर्नुपर्ने कार्यविधि गलत भएको तर्क गर्नुभयो।

पत्रकार राष्ट्रिय दबू काभ्रे जिल्लाका अध्यक्ष सोमकाजी शाक्यको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा केन्द्रीय अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठ, केन्द्रीय सल्लाहकार तथा वरिष्ठ पत्रकार मोहन दुवाल, सूर्यप्रसाद लाकोजु, पत्रकार राष्ट्रिय दबूका उपाध्यक्ष सुरेन्द्र भक्त श्रेष्ठ, महासचिव केके मानन्धर, सहसचिव विजयराम कर्माचार्य, सदस्य अनुप प्रधान, नेपाल पत्रकार महासंघ काभ्रेका अध्यक्ष बद्री तिमिल्सिना, प्रेस युनियन काभ्रे, प्रेस चौतारी नेपाल काभ्रे, प्रेस सेन्टर काभ्रेका प्रतिनिधि, काभ्रे क्याम्पसका प्रमुख, प्राचार्य, हलिं नेवाः दबूका उपाध्यक्ष, पत्रकार राष्ट्रिय दबू काभ्रेको सिङ्गो कार्यसमिति सहभागी थियो। कार्यक्रम काभ्रेका निवर्तमान अध्यक्ष सिद्धिबहादुर कर्माचार्यले सञ्चालन गर्नुभएको थियो।

यसैगरी आइतवार ललितपुर जिल्ला शाखाको साधारणसभा अध्यक्ष मञ्जु बज्राचार्यको सभापतित्वमा संचालन गरिएको थियो। सचिव पूर्णिमा शाक्यले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको सभामा कोषाध्यक्ष कल्पना महर्जनले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

# कायस्थलाई सत्यमोहन जोशी पुरस्कार

- **मेरो संवाददाता**

काठमाडौं/यस वर्षको सत्यमोहन जोशी नेपालभाषा साहित्य पुरस्कार साहित्यकार छत्रबहादुर कायस्थलाई प्रदान गरिएको छ। शनिबार ललितपुरमा सम्पन्न नेपालभाषा मंकाः खलः यलको वार्षिक साधारण सभामा कायस्थलाई पुरस्कार प्रदान गरिएको हो।

कार्यक्रममा वागमति प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारले कायस्थलाई पुरस्कारको प्रमाण पत्र हस्तान्तरण गर्नुका साथै दोसल्ला ओढाउँदै पुरस्कृत गर्नुभएको थियो।

कार्यक्रम संघीय सांसद प्रेमबहादुर महर्जन, नेवाः देय् दबूका उपाध्यक्ष उमेश स्थापितले मन्तव्य राख्नुभएको थियो। मंकाः खलः यलका अध्यक्ष हिराकाजी महर्जनको सभापतित्वमा भएको कार्यक्रममा सचिव महेन्द्रलाल महर्जनले प्रगति प्रतिवेदनको साथमा भावी योजना र कोषाध्यक्ष उकुलाल महर्जनले आर्थिक प्रतिवेदन पेश गर्नुभएको थियो।

## विश्व सिमसार...

क्षेत्रबाट उत्पादन हुने विषाक्त पदार्थहरु, पहाडबाट बगेर आउने ढुंगा, माटो लगायतका रासायनिक पदार्थलाई छानेर लिई पानीलाई स्वच्छ बनाउने काम गर्छन्। उदाहरणको लागि समुद्रमा पाइने ओष्टर नामको जनावरले एक दिनमा २०० लिटर पानीलाई फिल्टर गरेर स्वच्छ बनाउने गर्छ भन्ने अनुसन्धानबाट थाहा भएको छ। अर्को एक अध्ययनअनुसार स्वच्छ पानी भएका ३५ सिमसार क्षेत्रले पृथ्वीको ३० प्रतिशत कार्बनलाई सञ्चय गरिराखेको छ। जुन पृथ्वीमा पाइने वन क्षेत्रले सञ्चय गर्ने कार्बनडाइअक्साइडको दुई गुणा हो। सिमसारहरुले प्राकृतिक रक्षाकवचको काम गरेर बाढी, पहिरो रोक्न पनि ठूलो भूमिका निर्वाह गरेका हुन्छन्।

धेरै जसो सिमसार क्षेत्र स्थानीय रैथाने प्रजातिका लागि आधार स्थलहरू हुन्, जसको सम्बन्ध मानव सभ्यता र मानव अस्तित्वसँग जोडिएको छ। नेपालकै सिमसार क्षेत्रलाई हेर्ने हो भने कैलाली जिल्लाको घोडाघोडी तालमा पाइने पानी हाँस स्थानीय प्रजाति हो, जुन अन्य क्षेत्रमा पाइदैन। हाल पृथ्वीमा रहेका ६१.८५ जनताले आफ्नो जीविकोपार्जनको प्रमुख आधार सिमसार क्षेत्रलाई बनाएका छन्। विश्वमा ६६ करोड जनता माछा पालन र यससँग सम्बन्धित व्यवसायमा आधारित रहेका छन्। त्यसको अलावा सिमसारक्षेत्रबाट मानिसले जनावरको लागि घाँस, जैविक तेल, जडिबुटी आदि प्राप्त गर्छन्। पर्यटकीय गतिविधि सञ्चालन गरेर आयआर्जन गर्दछन्। नेपालका थारु, मुस्लिम, मुसहर, मलाहा, दुसड, केवट, राजवंसी, वोटे, दराई आदि आदिवासी जनता अझै पनि सिमसार क्षेत्रबाटै जीविकोपार्जन गर्ने गर्दछन्।

मानिसका लागि जीवनको आधार बनेका यस्ता महत्वपूर्ण सिमसार क्षेत्रहरु अहिले जोखिममा परेका छन्। सन् १९९० यतामात्रै पृथ्वीमा भएका सिमसार क्षेत्रहरूमध्ये ६४५ सिमसार क्षेत्रहरू लोप भैसकेका छन्। लोप भएका क्षेत्रहरू मध्ये धेरैजसो एसियामा र मुख्यगरी पहाडी क्षेत्रमा छन्। सिमसार क्षेत्रहरूको महिमाको प्रचार गरी यिनीहरुको संरक्षण गर्न विश्व सिमसार दिवशले ठूलो काम गरेको देखिन्छ। जनतामा चेतना जागरण गराएको छ। सिमसार पनि महत्वपूर्ण क्षेत्र रहेछन् भनी संरक्षण गर्न थालिएको पनि छ। आशा छ यस कार्यक्रले सिमसार क्षेत्रम रहेका जीवजन्तु र वनस्पतीहरुको संरक्षणमा योगदान दिने छ।





"आरोग्य परमा लाभा"
ललितपुर महानगरपालिका-१६ वडा कार्यालयद्वारा सञ्चालित
इलाननि रचना फिजियोथेरापी उपचार केन्द्रको आयोजनामा
बृहत निःशुल्क स्वास्थ्य शिविर
मितिः २०८० माघ महिनाको प्रत्येक शनिबार
माघ ६ गते मंगलबजार
माघ १३ गते न्याखाचुकः
माघ २० गते गाःबहाल, बुबहाल
माघ २७ गते इलाननि, नागबहाल
हड्डी खिईएको, नसा च्यापिएको, मुख बांगिएको,
जोर्नी दुख्ने, प्यारालाइसिस, बाथ, युरिक एसिड,
हातखुट्टा झम्झमाउने र पोल्ने, ग्यास्ट्रिक,
अल्सर, पाईल्स, चर्मरोग, यौन रोग,
स्त्री तथा प्रसुति रोग, दम, खोकी, पीनास,
जन्डिस, लिभर सम्बन्धी रोग, चिनी रोग,
उच्च रक्तचाप, मानसिक रोग, पत्थर,
मृगौला रोग, कब्जियत, मोटोपन, थाइराइड,
उच्च कोलेस्ट्रोल, तथा सुस्त मनस्थिति भएका
बालबालिका।
डा. पूजा अग्रवाल
सिनियर आयुर्वेदिक चिकित्सक
डा. चन्द्रदीप कुमार महतो
फिजियोथेरापिष्ट
डा. साजन उपाध्याय
फिजियोथेरापिष्ट
डा. रन्जन पौडेल
फिजियोथेरापिष्ट
समयः
बिहान ९:00 देखि दिउँसो १:00 बजे सम्म
प्राविधिक सहयोगः
रचना आयुर्वेद तथा हाडजोर्नी उपचार केन्द्र
लगनखेल, ललितपुर
हरेक दिन शनिवार बाहेक बिहान ८:00 देखि १२:00 बजेसम्म ईलाननि स्थित इलाननि रचना फिजियोथेरापी केन्द्रमा स्वास्थ्य उपचार र परामर्शको व्यवस्था गरिएको छ।

# सन् २०४० सम्ममा कुष्ठरोग शून्यमा पुऱ्याउँछौं : निर्देशक सिंह

**विकासमान सिंह**
**कार्यकारी निर्देशक, एनएलआर नेपाल**

***नेपालमा सन् २०१० मा कुष्ठरोगलाई जनस्वास्थ्य समस्याको सूचीबाट हटाए पनि अहिले पनि हजारौंको संख्यामा कुष्ठरोगका सक्रिय विरामीहरु रहेका छन्। कुष्ठरोगलाई एक अभिसापको रुपमा लिने अन्धविश्वासका कारण यो रोगको उपचारमा रहेको कठिनाइ अहिले धेरै हदसम्म घटेको भए पनि अझै पनि कतिपय स्थानमा यो धारणा बाँकि नै छ। नेपालमा कुष्ठरोगको वर्तमान अवस्था र यसको नियन्त्रणका लागि गर्नुपर्ने कार्यहरुमा केन्द्रीत रहेर मेरो साप्ताहिकका लागि सम्पादक रत्न काजी महर्जनले कुष्ठरोगको नियन्त्रण तथा अवस्थाको अध्ययन तथा उपचारका क्षेत्रमा क्रियाशील रहेको एनएलआर नेपालका कार्यकारी निर्देशक विकासमान सिंहसँग गर्नुभएको कुराकानीको केही अंश यहाँ प्रस्तुत गरिएको छ।***

☞ ***एनएलआर नेपाल के हो ? यसले गर्ने प्रमुख कार्यहरु के हुन् ?***

एनएलआर नेपाल कुष्ठरोगप्रति समर्पित एक संस्था हो। यो सन् १९७७ देखि कार्यरत संस्था हो। पहिले यसले अन्तर्राष्ट्रिय संगठनको रुपमा कार्य सुरु गरेको थियो। यसले नेपाल सरकारको स्वास्थ्य मन्त्रालय अन्तर्गतको ईडीसीडीको कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखालाई सहयोग गरेर नेपालबाट कुष्ठरोग निर्मूल पार्नको लागि कार्य गर्दै आएका छौं। अन्तर्राष्ट्रिय संगठनको रुपमा कार्य गर्न अलि गाह्रो महसूस भयो। अन्तर्राष्ट्रिय संस्थाले आफ्ना कार्यक्रमहरु सिधै लागु गर्न नसक्ने भएका काराणले पनि हामीले सन् २०१८ मा नेपालमा सामाजिक संस्थाको रुपमा यसको विधिवत् दर्ता गर्ने कार्य भएको छ। पहिले यसको नाम नेदरल्याण्ड लेप्रोसी रिलिफ भन्ने थियो। यसलाई नेपालमा दर्ता गर्दा हामीले एनएलआर नेपाल मात्र भनेर दर्ता गरेका छौं। यो संस्था संचालनका लागि प्रकाश राज वाग्लेज्यूको अध्यक्षतामा एक सात सदस्यीय बोर्ड रहेको छ। यसमा शिक्षा, स्वास्थ्य, अपाङ्गता, मानव श्रोत व्यवस्थापन जस्ता विभिन्न क्षेत्रबाट विशेषज्ञहरु यस बोर्डमा हुनुहुन्छ।

हामीले यस दौरानमा धेरै कार्यक्रमहरु संचालन गरेका छौं। यसमा पेप++ जस्ता कार्यक्रम पनि संचालन गरेका छौं। जसमा कुष्ठरोगीहरुलाई औषधी वितरण गर्ने तथा स्वास्थ्यकर्मीहरुलाई कुष्ठरोग सम्बन्धी तालिम प्रदान गर्ने कार्य गर्दछौं।

हाम्रो मुख्य उद्देश्य भनेको नै नेपालमा कुष्ठरोग निर्मूल पार्ने नै हो। सन् २०४० सम्ममा हामीले नेपालमा शून्य कुष्ठरोगी बनाउने लक्ष्य लिएका छौं। कुष्ठरोग निकै कम सर्ने रोग भएता पनि यो सरुवा रोग नै हो। यस सम्बन्धमा रहेको अन्धविश्वासका कारण र यो रोग लागेको थाहा भएपछि समाजले विभिन्न किसिमले लाञ्छना लगाउने भएका कारणले पनि मानिसहरुले यो रोगलाई लुकाएको पाइन्छ।

एनएलआर नेपाल जस्तै एनएलआर इण्डिया, एनएलआर इण्डोनेसिया, एनएलआर मोजाम्बिक, एनएलआर ब्राजिल र एनएलआर नेदरल्याण्ड गरी छ वटा देशमा यो क्रियाशील छ। हामी सबैको एउटा एलायन्स पनि बनाएका छौं। यसको मुख्य कार्यालय भनेका नेदरल्याण्डको एमस्टर्डममा रहेको छ। यसले आफ्ना विशेषज्ञहरु प्रयोग गरी कस्ता कार्यक्रमहरु संचालन गर्नु उपयुक्त हुन्छ भन्ने तय गर्दछ। जसको आधारमा हामीले नेपाल सरकारको स्वास्थ्य मन्त्रालय अन्तर्गतको कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखासँग समन्वय गरेर नेपाल सरकारको रोडम्याप अनुसार कार्य गर्ने गर्दछौं।

कुष्ठरोग नियन्त्रण गर्नका लागि नेपाल सरकारले अहिले सन् २०३० सम्ममा निर्मूल पार्ने लक्ष्य लिएको छ। यसका साथै विश्व स्वास्थ्य संगठनको पनि आफ्नै किसिमको गाइडलाइन रहेको छ।

विश्वभर कुष्ठरोगको अवस्था हेर्ने हो भने सन् २०२३ मा मात्र दुई लाख आठ हजार नयाँ कुष्ठरोगीहरु थपिएका छन्। जसको आधा भन्दा बढी संख्या हाम्रो छिमेकी राष्ट्र भारतमा रहेको छ। नेपालमा यसवर्ष २५२२ नयाँ रोगी फेला परेको नेपाल सरकारले जनाएको छ। गत वर्ष नेपालमा २२८७ मात्र कुष्ठरोगी फेला परेका थिए।

नेपाल सरकारले सन् २०१० मा नै कुष्ठरोगलाई जनस्वास्थ्य समस्याबाट हटाएको थियो। जसले गर्दा अब नेपालमा कुष्ठरोगी छैनन् भन्ने भ्रम सृजना भयो र यसले गर्दा थप समस्या उत्पन्न गराएको देखियो। कुष्ठरोग सम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रमहरु यसपछि संचालन गर्न कठिन भए। यसको ठाउँमा अन्य स्थानमा अन्तर्राष्ट्रिय समुदायले ध्यान दिन थाल्यो। जसका कारण यसको कार्य संचालन गर्न आर्थिक समस्या समेत उत्पन्न हुन पुगेको छ। तर कुष्ठरोग नेपालबाट निर्मूल नै भइसकेको अवस्था छैन। यसैले हामीले निरन्तर आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छौं।

हामीले कुष्ठरोग सर्नबाट रोक्न के गर्न सकिन्छ भन्ने अनुसन्धानात्मक कार्य पनि गरिरहेका छौं। हाम्रो मुख्य कार्यालय काठमाडौंमा रहेको छ भने पूर्वी क्षेत्र हेर्नका लागि कोशी प्रदेशको विराटनगरमा यसको कार्यालय स्थापना गरेका छौं। यसैगरी सुदुरपश्चिमको धनगढीमा सुदुरपश्चिम सबै समेट्ने गरी कार्यालयको स्थापना गरेका छौं।

यसैगरी अनुसन्धान कार्यका लागि हामीले एनएचआरसीसँगको सहकार्यमा मधेश केन्द्रीत अनुसुन्धान अगाडि बढाएका छौं। जसमा मधेशको धनुषा जिल्लाको सबै पालिकाहरु, महोत्तरी जिल्लाका सबै पालिकाहरु र सर्लाही जिल्लाको ९ वटा पालिकाहरुमा हामीले पेप++ कार्यक्रम संचालन गरिरहेका छौं।

हाम्रो मुख्य कार्य भनेको कुष्ठरोग लाग्नबाट बचाउने, लागेकाहरुको पहिचान गर्ने, उपचार गर्ने र सहयोग गर्ने तथा क्षमता अभिवृद्धि गर्ने रहेको छ। हामीले कुष्ठरोग प्रभावितहरुका साथै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुलाई तालिम दिने कार्य गरेका छौं।

☞ ***एनएलआर नेपालले हालसम्म गरेको उपलब्धी के हो ?***

एनएलआरको प्रमुख उपलब्धी भनेको अहिले कुष्ठरोगको नाम आउनासाथ नै एनएलआरको नाम आउनु नै हो जस्तो लाग्छ। यसैगरी एसडीआर पेप, कुष्ठरोगीको संख्या घट्दै आउनु, ३०-३५ वर्षभन्दा बढी समयको तथ्यांक हामीसँग हुनु ठूलो उपलब्धी रहेको छ। नेपाल सरकारले कुष्ठरोगलाई जनस्वास्थ्य समस्याको सूचिबाट हटाउनुमा पनि एनएलआर नेपालको भूमिका रहेको छ।

एनएलआरकोअर्कोउपलब्धीभनेको स्वास्थ्यकर्मीहरुलाई कुष्ठरोगसम्बन्धी तालिम प्रदान गर्नु पनि रहेको छ। यस तालिमले स्वास्थ्यकर्मीहरुले कुष्ठरोग पत्ता लगाउन सक्षम भएका छन्।

☞ ***कुष्ठरोग निवारणका लागि कस्तो कार्यक्रम ल्याउन आवश्यक छ ?***

हामीले हाल सक्रिय विरामीहरुको खोजी गरिरहेका छौं। यसलाई अझ प्रभावकारी रुपमा संचालन गर्नु आवश्यक छ। अहिले जुन तथ्यांक हाम्रो अगाडि छ, त्यो स्वयम्सेवी तथ्यांक हो। अर्थात् जसलाई समस्या भयो ऊ स्वास्थ्य संस्थामा पुगेपछि आएको तथ्यांक भयो। यो संख्या अहिले देखिएको भन्दा धेरै माथि हुन सक्छ। किनभने यो रोग स्वाशप्रश्वासको माध्यमबाट सर्ने गर्दछ। एक जना रोगी भेटिएपछि उसको नजिकका मानिसहरुमा यो रोग छ कि छैन भन्ने जाँच गर्नु आवश्यक हुन्छ। तर अहिले नेपालमा यस्तो प्रचलन छैन। यसैले सक्रिय रुपमा खोज आवश्यक छ। यसका लागि श्रोतको पनि उत्तिकै आवश्यकता छ। फेरि यस्तो परिक्षण सामाजिक संस्था एक्लैले गर्नु हुँदैन। यसमा नेपाल सरकारको साथ र सहयोग आवश्यक छ। नेपाल सरकारले ल्याउने कार्यक्रमलाई नै हामीले सहयोग गर्ने हो।

अर्को भनेको रोकथामका लागि रोगको भार उच्च भएका स्थानमा कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ। यसका साथै कुष्ठरोगबाट हुने अपाङ्गताको रोकथाम, यसको फैलावट रोक्नका लागि कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ।

कुष्ठरोगका कारण शारीरिक अपाङ्गता हुनेको संख्या ७.५ प्रतिशत रहेको छ। जुन अत्यन्त धेरै हो। यसलाई नियन्त्रण गर्नका लागि पनि कार्यक्रम संचालन गर्नु आवश्यक छ।

अर्को हाम्रो प्रमुख लक्ष्य भनेको आउँदो ५ वर्षभित्र बालबालिकाहरुमा हुने कुष्ठरोग पूर्णतः नियन्त्रण गर्नुपर्छ भन्ने हो। बालबालिकालाई सुरक्षित बनाउन सक्यौं भने यसले भविष्यमा कुष्ठ नियन्त्रण गर्न सहयोग पुऱ्याउँछ। अहिलेको तथ्यांक अनुरुप हेर्ने हो भने बालबालिकाहरुमा कुष्ठरोगको संख्या ७.१८ प्रतिशत रहेको देखिन्छ। गत वर्ष यो ३.१९ प्रतिशत मात्र थियो। यस वर्ष ७.१८ देखिनु भनेको धेरै नै ठूलो संख्या हो। यसैले यसको नियन्त्रणका लागि पनि प्रभावकारीरुपमा कार्यक्रम संचालन गर्नु आवश्यक छ। कुनै एक व्यक्तिलाई कुष्ठरोग लागेको छ भने उसको परिवारलाई लाग्ने भयो उसको छरछिमेकीलाई लाग्ने सम्भावना भयो। बच्चाको स्कूलमा कुनै संघ संस्थामा आवद्ध छ भने त्यहाँ हुने सम्भावना भयो। हामीले चाहि परिवार,छिमेकी,आफन्त वा सामाजिक दुरीलाई सम्भावित दायरामा राख्छौं। हामीले २० देखि ३० जना रोगीलाई औषधि उपचार गर्छौं। कुष्ठरोग एकिन गर्न पनि विभिन्न माध्यमहरु छ। कतिपय अवस्थामा दाग पनि हुन सक्छ कतिपय अवस्थामा रोग पनि नहुन सक्छ स्वीच स्मेयर भनेर कानको लोटि सानो भाग जाँच्ने प्रावधान पनि छ। अहिलेसम्मको ट्रेनमा चाहि रिफेल्सन भन्ने औषधि खुवाउने चलन छ। यो नेपाल सरकारको स्वास्थ्य संस्था वा स्वास्थ्य चौकिमा निशुल्क रुपमा प्राप्त छ।

मानिसहरुको छिछि र दुरदुरको कारणले यो रोग जँचाउन नजाने हुन्छ वा लुकाउने चलन छ। आज उप्रान्त कालसम्म पनि यो रोग लुकाउने चलन रहेको छ। पहिला चाहि यो महारोगि भनेर समाजले नै समाजबाट बहिष्कार गर्ने चलन थियो। यो रोग औषधि खायो भने निको हुन्छ भन्ने कुरा चिर्न जरुरी छ यसको लागि नेपाल सरकारले बनाएको २०३० सम्ममा निमूल पार्ने कुरामा हामी कतिबद भएर लाग्नु परेको छ।

**शून्य संक्रमण**

**शून्य अपाङ्गता**

**शून्य बहिष्करण**

☞ ***कुष्ठरोग कहिले सर्छ ?***

यो एउटा महत्वपूर्ण कुरा हो। यो कुनै व्यक्तिमा कुष्ठरोग लागि सक्यो तर उसलाई थाहा छैन तर अरुलाई सारिसकेको अवस्था छ। यो अवस्था विभिन्न अनुसन्धानले पनि देखाएको छ। खुशिको कुरा के छ भने यो रोग मानिसमा बाहेक अरु कसैलाई लागेको पाइएको छैन। बेलायतमा भने एक एक किसिमको प्रजाति पाउँछ जंगली जनावर झट्ट हेर्दा डुम्सी जस्तो देखिएको जनावरमा देखा परेको छ। त्यो बाहेक अरु कतै यो रोग पाएको देखा परेको छैन। यो रोग चाहि मान्छेले मान्छेलाई श्वास प्रश्वासबाट सर्ने रोग हो। अनुसन्धानबाट के देखिएको छ भने दैनिक २० घण्टा भन्दा बढी कुष्ठ प्रभावितसँग उठबस गर्नेमा यो रोग सर्ने सम्भावना धेरै हुन्छ। हामीले विरामीलाई भेट्न गएको समयमा आजको आजै सर्ने सम्भावना चाहिँ कम छ। यो श्वासप्रश्वासबाट सर्ने रोग भएकोले प्रिकसन्सचाहि अपनाउनुपर्छ। शरिरमा कुनै दाग छ र चिलाउँदैन भने नजिकको श्वास्थ्य चौकिमा जचाउनु पर्छ।

मेरो साप्ताहिक
काठमाडौं जि.प्र.का. द.नं. : ३१२/०७६/७७ मचा माह्मादिक

# दुई कविलाई सम्मानार्थ संरक्षक पद प्रदान गरिने

• **मेरो संवाददाता**

काठमाडौं/नेपालभाषाको माध्यमबाट साहित्य सृजना गर्दै आउनुभएका जनकवि दुर्गालाल श्रेष्ठ र लोककवि राजभाइ जकःमिलाई नेपाः पासा पुचः अमेरिकायूले सम्मानार्थ संरक्षक पद प्रदान गर्ने भएको छ।

पुचःका अध्यक्ष मनोहर श्रेष्ठले दिनु भएको जानकारी अनुसार नेपालभाषाको साहित्य सृजना गरी नेवार जाति, भाषा, संस्कृतिका साथै नेपालको विकासका लागि योगदान दिनुभएका कारण उहाँहरुलाई संरक्षक पद प्रदान गर्न लागिएको हो।

बुधवार एक कार्यक्रमको आयोजना गरी उहाँहरुलाई सो पद प्रदान गरिने उहाँले बताउनु भयो। साहित्यका माध्यमबाट समाजको विकासमा योगदान पुऱ्याउनु भएका जनकवि श्रेष्ठले नेपालभाषाको साहित्य क्षेत्रमा ७ दशकभन्दा बढी समय सेवा गर्नुभएको छ भने लोककवि जकःमिले ४ दशकभन्दा बढी समय सेवा गर्नुभएको छ।

उहाँहरुलाई सो पद हस्तान्तरण गर्नका लागि नेपाः पासा पुचः अमेरिकायूका अध्यक्ष मनोहर श्रेष्ठ आइतवार नेपाल आइपुग्नु भएको छ।

# टोखामा नेपालभाषा छन्द प्रशिक्षण सम्पन्न

• **मेरो संवाददाता**

काठमाडौं/नेपालभाषा साहित्य तःमुँज्या तोखाको आयोजनामा यही माघ १७ र १८ गते दुई दिन 'लसय् हंगु चिनाखँ स्यनेकने' (संगीतवद्ध कविता प्रशिक्षण) सम्पन्न भएको छ।

नेवाः छन्द पुनर्जागरण अभियानका अध्यक्ष लोककवि राजभाइ जकःमिले प्रशिक्षण दिनु भएको यस कार्यक्रममा टोखा र उपत्यकाका विभिन्न स्थानका २० जना प्रशिक्षार्थीको सहभागिता रहेको थियो।

प्रशिक्षणको अन्तिम चरणमा जनकवि दुर्गालाल श्रेष्ठको स्वास्थ्यलाभको कामना गर्दै उहाँले रचना गर्नुभएको 'हस्ताक्षर', 'चिनियाम्ह किसिचा' र 'चखुंचा ध्वग्गी' कविता संग्रहका २० वटा कविता प्रशिक्षार्थीहरुले वाचन गरेका थिए।

नेपालभाषा साहित्य तःमुँज्या टोखाका अध्यक्ष काशीलाल डंगोलको सभापतित्वमा भएको प्रशिक्षण समापन कार्यक्रममा प्रशिक्षक लोककवि राजभाइ जकःमिले महाकवि सिद्धिदास महाजुले शुरु गर्नुभएको छन्द कविता लेखनलाई निरन्तरता दिने उद्देश्यका साथ नेवाः छन्द पुनर्जागरण अभियान संचालनमा आएको बताउनु भयो। वर्तमान समयमा छन्दवद्ध कविताको रचनामा कमि आइरहेको प्रसंगमा नेपालभाषामा छन्द कवितालाई जीवन्त राख्नका लागि यो प्रयास थालिएको लोककवि जकःमिले बताउनु भयो।

नेपालभाषाको छन्द कविता लेखनलाई प्रोत्साहित गर्ने उद्देश्यका साथ लोककवि जकःमिकै नेतृत्वमा दुई वर्ष अगाडि नेवाः छन्द पुनर्जागरण अभियान थालनी गरिएको थियो।

तःमुँज्याका संस्थापक सचिव एवम् प्रशिक्षार्थी राजवीर डंगोलले यो प्रशिक्षणमा छन्द कलाका साथै जनकवि दुर्गालालको कविता वाचन गर्न पाएकोमा सबै प्रशिक्षार्थिहरुले गौरव अनुभूति गरेको बताउनु भयो।

तःमुँज्याका सदस्य शैलेश डंगोलले संचालन गर्नुभएको कार्यक्रममा प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र पनि वितरण गरिएको थियो।

प्रो. अरुण महर्जन
अरुण दुध डेरी उद्योग
ग्वंगःबुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१
यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

# मखं बहालमा सामूहिक इही

• **मेरो संवाददाता**

काठमाडौं/यहाँको रत्नकीर्ति महाविहार मखं बहालमा यही माघ २० र २१ गते सामूहिक इही कार्यक्रम सम्पन्न गरिएको छ। १० जनाको सहभागिता रहेको इही संस्कारका लागि मखं बहालका साथै काठमाडौंका विभिन्न स्थानबाट बालिकाहरु सहभागी भएका थिए।

जीतेन्द्र विलास बज्राचार्यले मूलाचार्यको रुपमा सम्पन्न गराउनु भएको इही संस्कार मखं बहाःले चौथो पटक आयोजना गरेको हो।

यसैबीच इही संस्कार कार्यक्रम सम्पन्न गर्नका लागि विभिन्न किसिमले सहयोग गर्नुहुने महानुभावहरुलाई आइतवार महाविहारका अध्यक्ष विद्यामानविलास बज्राचार्यले धन्यवाद पत्र ज्ञापन गर्नुभयो।

नेवार समुदायमा ७ देखि ९ वर्षको उमेरको बीचमा इही संस्कार गर्ने परम्परा रहे पनि आफ्नो अनुकुलता अनुरुप ३ वर्षभन्दा माथिका बालिकाहरुको इही संस्कार गरिँदै आएको छ। इही संस्कार विशेषतः बिजोर वर्षहरुमा गर्ने गरिन्छ। बालिका रजस्वला हुनुभन्दा पहिले नै यो संस्कार पूरा हुनुपर्छ भन्ने मान्यता अनुरुप नेवार समुदायमा ९ वर्षभित्र इही संस्कार सम्पन्न गर्ने परम्परा रहेको पाइन्छ।

किलाघः त्वाः मिसा पुचः
किलाघः, यँ महानगरपालिका-१८, यँ ।

इहि मुना ११४४ या सुचं

थुगु किलाघः त्वाः मिसा पुचःया ग्वसालय् जुइगु इहि मुना ११४४ स थः स्त्यायूमचाया नां इलय् हे दर्ता यानाः थःगु थाय् सुरक्षित यानादिसँ ।

कार्यक्रम
न्हिल्याः : ने.सं. ११४४ सिल्लागाः सप्तमी-अष्टमि (२०८० फागुन १५-२०)।
थाय् : किलाघः, यँ ।
नां दुथ्याकेगु लिपांगु दिं : ने.सं. ११४४ सिल्लाथ्व पुन्ही वि.सं. २०८० फागुन १२ गते शनिवार
स्वापू (सम्पर्क) : ९८४१५२८५७२, ९८४१३८४८४५

नां दर्ता शुल्क ३०००/-

ग्वाहालि किलाघः त्वाः खलः
ग्वाहालि यँ महानगरपालिका १८ वडा

## सामाजिक सञ्जाल प्रयोगकर्ताले ध्यान दिऔं

- *बेनामी वा छद्मवेशी पहिचान सिर्जना गरी कुनै पनि विषयवस्तु उत्पादन, शेयर वा टिप्पणी नगरौं,*
- *मिथ्या, भ्रमपूर्ण सूचना, घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने खालका अभिव्यक्ति, श्रव्य दृश्य सामग्री, तस्वीर शेयर नगरौं,*
- *बहुविवाह, बालबिवाह, मानव वेचविखन र छुवाछुतजस्ता कानूनले वर्जित गरेका विषय वा क्रियाकलाप गर्न प्रोत्साहन नगरौं,*
- *अरुलाई होच्याउने अपमान गर्नेजस्ता कार्य सामाजिक सञ्जालबाट नगरौं,*
- *निजी प्रकृतिका फोटो भिडियो अनुमति वेगर छायांकन, प्रकाशन तथा प्रसारण नगरौं,*
- *अश्लिल शब्द तस्विर, श्रव्य, दृश्य, एनिमेसन प्रकाशन प्रसारण नगरौं,*
- *बालयौन शोषण, यौन दुर्व्यवहार, देहव्यापारलगायतका क्रियाकलापलाई प्रोत्साहन नगरौं,*
- *विभत्स तस्वीर, भिडियो अपलोड र शेयर नगरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड